## फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रवाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




**आयोजक**

फिक्कल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली

**सहजीकरण/प्रतिवेदन**

उमङ्ग मैनाली
स्वतन्त्र सहजकर्ता
९८५४०४०४८६

असार २०८०

फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनवाई

**संक्षिप्त प्रतिवेदन-२०८०**

**खाङसाङ, सिन्धुली**

## १. कार्यक्रमको परिचय

सरोकारवाला नागरिक र स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरु बीच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा बसेर गरिने खुला छलफललाई नै सार्वजनिक सुनुवाई भनिन्छ । सार्वजनिक निकायले दिने सेवाको विषयमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई नियमित संचालन गर्ने गरिन्छ । स्थानीय विकास निर्माण तथा सेवा प्रवाहको विषयमा सेवाग्राही र सेवप्रदायकबीच हाक्काहाक्की प्रश्नोत्तरको शैलीमा आयोजना गरि सेवाग्राहीहरुको पीरमर्का, गुनासाहरु सुनी प्रभावकारी सेवा प्रवाहको लागि सार्वजनिक सुनुवाई संचालन गर्ने गरिएकोछ । स्थानीय तह तथा सरकारी वा सार्वजनिक निकायले नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेकोछ । सार्वजनिक सुनुवाई नियमित संचालन गर्दा सेवाप्रवाह प्रभावकारी हुनुको साथै गुणस्तरीय विकास निर्माण प्रक्रियालाई समेत मद्धत पुग्दछ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन गर्ने विषय उल्लेख गरिएकोछ । त्यसैगरि नेपालको संविधान २०७२ को धारा ५१ राज्यको निर्देशक सिद्धान्त (च.३) मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्नुपर्ने, धारा २७ (मौलिक हक) सूचनाको हकले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेकोछ। त्यस्तै, सुशासन ऐन २०६४ को दफा ३० (१) ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था रहेकोछ भने **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेकोछ । फिक्कल गाउँपालिकाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले सुनकोसी माध्यमिक विद्यालय खाङसाङ परिसरमा २०८० असार ३१ गते आइतबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

## २. कार्यक्रमको उद्देश्य

- फिक्कल गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको चालु आ.व २०७९/०८० मा गरिएको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई थप जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति दिलाउने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्नेब्यक्तिको**

नाम : **श्री उमङ्ग मैनाली (स्वतन्त्र सहजकर्ता)**

ठेगाना : **मन्थली, रामेछाप**

कार्यक्रम आयोजक : **फिक्कल गाउँपालिकाको कार्यालय खाङसाङ, सिन्धुली**

सार्वजनिक सुनुवाईको विषय : **फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता**

**कार्यक्रम विवरण**

- मिति : ३१ असार २०८० (आइतबार)
- स्थान : सुनकोसी माध्यमिक विद्यालय परिसर खाङखाङ, सिन्धुली
- समय : दिनको १२ : ३० बजेदेखि ४ : ३० बजेसम्म

## ४. जवाफदेही वक्ताहरु

- फिक्कल गाउँपालिका अध्यक्ष **श्री पार्वती सुनुवार**
- फिक्कल गाउँपालिका उपाध्यक्ष **श्री राजु बराल**
- फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री राजेन्द्र कार्की**
- फिक्कल गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री होम बहादुर सुनुवार**
- फिक्कल गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री शंकर बहादुर भण्डारी**
- फिक्कल गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री टेक बहादुर रजन मगर**
- फिक्कल गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री मोहन मगर**
- फिक्कल गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री बैकुण्ठलाल पहाडी**
- फिक्कल गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री कुलेन्द्र बहादुर मगर (प्रबक्ता)**

**अतिथिबक्ता**

- फिक्कल गाउँपालिका निवर्तमान अध्यक्ष **श्री धनबहादुर कार्की**

## ५. सार्वजनिक सुनुवाईको उपस्थित विवरण

| दलित | | जनजाति | | ब्राम्हण, क्षेत्री, नेवार | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ० | १२ | १४ | २५ | ४ | ६२ | १८ | ९९ | ११७ |

**(सहभागीहरुको विस्तृत विवरण अनुसूची-५ मा राखिएकोछ ।)**

## ६. संचालन प्रक्रिया

***प्रारम्भिक चरण***

**क. समन्वयात्मक बैठक**

फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईको लागि फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवार, उपाध्यक्ष श्री राजु बराल, प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्की, प्रशासन शाखा प्रमुख श्री नारायण प्रसाद अधिकारी, गैसस महासंघ सिन्धुलीका उपाध्यक्ष श्री नवराज पहाडीसँग स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनालीले समन्वय गर्नुभएको थियो । गाउँपालिकाको निर्णय पश्चात् २०८० असार ३१ गतेका दिन


गाउँपालिकाको केन्द्र खाङसाङमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् आवश्यक तयारी लगाएत व्यवस्थापकीय कार्यहरु गाउँपालिका तथा स्वतन्त्र सहजकर्ताले गर्नुभएको थियो ।

### ख. सहजकर्ताको छनौट तथा समन्वय

फिक्कल गाउँपालिकाको कार्यालय खाङसाङले आयोजना गरेको फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको निर्णय अनुसार सुशासन बिज्ञ एवं स्वतन्त्र सहजकर्ताले सहजीकरणको कार्य गर्नुभएको थियो । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरुसँग नियमित रुपमा सम्पर्क तथा समन्वय गरिएको थियो । ब्यवस्थापकीय पक्षको विषयमा नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्की र प्रशासन शाखा प्रमुख श्री नारायण प्रसाद अधिकारीसँग आवश्यक समन्वय गरिएको थियो ।

### ग. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय सरकारले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के-के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएकोछ ? सेवा प्रवाह गर्न लागि कस्ता-कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के- कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्थाछ भन्ने कुराको गहन अध्ययन गरिएको थियो । स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिका /नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना) जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन स्वतन्त्र सहजकर्ताद्धारा गरिएको थियो । त्यसैगरि सार्वजनिक सुनुवाईपूर्व स्थानीय सरकारले सामाजिक जवाफदेहिता प्रबर्द्धनको लागि तयार गरेका कार्यविधि, चौमासिक समिक्षाको प्रगती, सार्वजनिक सुनुवाई संचालनका प्रगती प्रतिवेदनहरुको समेत अध्ययन गरिएको थियो ।



**घ. बहिर्गमन अभिमत संचालन**

फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व गाउँपालिकाबाट प्रवाह गरिएको सेवा तथा विकास निर्माणमा नागरिकको सन्तुष्टीको अवस्था मापन गर्न **गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७** ( **नमूना**) मा व्यवस्था भए अनुसारको बहिर्गमन अभिमत संकलन गरिएको थियो । फिक्कल गाउँपालिकाबाट प्रत्यक्ष सेवा लिएका २५ जना सेवाग्राहीबाट बहिर्गमन अभिमत संकलन गरिएको थियो । २०८० असार २९ गतेदेखि ३१ गतेसम्म फिक्कल गाउँपालिकाबाट सेवा लिएर फर्किएका सेवाग्राहीलाई स्वतन्त्र सहजकर्ताले १२ जना महिला र १३ जना पुरुष सेवाग्राहीसँग प्रश्नावली भराउनु भएको थियो । प्रश्नावलीमा सार्वजनिक सेवा तथा वस्तुको गुणस्तरसँग सम्बन्धित ६ वटा प्रश्नावली तथा गाउँपालिकाको राम्रा र सुधार गर्नुपर्ने पक्षहरु पनि समेटिएको थियो । प्रश्नावली भरिसेकेपछि विश्लेषण गरिएको नतिजा सार्वजनिक सुनुवाईको सुरुवात्मा नै प्रस्तुत गरी जवाफदेही वक्ताहरुबाट प्रतिक्रिया लिइएको थियो । समग्रमा सबै प्रश्नहरुमा सन्तोषजनक नै उत्तर प्राप्त भएको थियो । बहिर्गमन अभिमतको बिस्तृत नतिजा शीर्षकगत रुपमा **अनुसूची-२** मा राखिएकोछ ।



**सार्वजनिक सुनुवाईको लागि सेवाग्राहीसँग बहिर्गमन अभिमत संकलन गर्नुहुँदै स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनाली ।**

**ङ. सार्वजनिक सुनुवाईको प्रचार-प्रसार**

फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि गाउँपालिकाको तर्फबाट सूचना प्रवाह गरिएको थियो । गाउँपालिकाको वेइबसाइड तथा ठूला फ्लाक्स प्रिन्ट बनाई गाउँपालिका र वडा कार्यालयहरुमा टाँस गरिएको थियो । सार्वजनिक सुनुवाई हुनुभन्दा ७ (सात) दिन अगावै सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन/प्रशारण गरिएको थियो । सबै वडाअध्यक्षहरुलाई फोन मार्फत तयारी गर्नुपर्ने विषयवस्तु लगाएत आवश्यक तयारीको विषयमा जानकारी गराइएको थियो । गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा सार्बजनिक सूचना टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयबाट टोल विकास संस्था, विद्यालय, उपभोक्ता समितिका पदाधिकारीहरु तथा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो । त्यसैगरि गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुलाई प्रतिनिधिहरुको सहभागीता लागि गाउँपालिका मार्फत सूचना गरिएको थियो ।

## कार्यान्वयन चरण

फिक्कल गाउँपालिकाको कार्यालय खाङसाङ, सिन्धुलीका आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । गाउँपालिकाको अध्यक्ष श्री पार्वती सुनुवारको अध्यक्षतामा संचालन भएको सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार

लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो। सुशासन विज्ञ एवं स्वतन्त्र सहजकर्ता श्री उमङ्ग मैनालीले सार्वजनिक सुनुवाई संचालनको विषयमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो। त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको विषयमा फिक्कल गाउँपालिका वडा नं ६ का वडाअध्यक्ष एवं गाउँपालिका प्रबक्ता श्री कुलेन्द्रबहादुर मगरले जानकारी गराउनु भएको थियो। सार्वजनिक सुनुवाईमा गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० मा भएको आय-ब्यय लगाएत समग्र भौतिक र बित्तीय प्रगतीको अवस्थाको विषयमा प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्कीले जानकारी गराउनु भएको थियो। त्यसपछि गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) को अनुसूची-२० अनुसार संकलन गरिएको बहिर्गमन अभिमतको नतिजा सहजकर्ताले प्रस्तुतीकरण गर्नुहुँदै नागरिकहरुबाट आएका सकरात्मक पक्ष र सुधारात्मक पक्षहरुको विषयमा पनि जानकारी गराउनु भएको थियो।

प्रस्तुतीकरण पश्चात् चरणगत रुपमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो। सबै वडाअध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष र अध्यक्षले आफूसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिनुभएको थियो। त्यसपछि फिक्कल गाउँपालिकाको निवर्तमान अध्यक्ष श्री धनबहादुर कार्कीले सार्वजनिक सुनुवाईको समग्र पक्षहरुको विषयमा मन्तब्य राख्नु भएको थियो। हाक्काहक्की प्रश्नोत्तर शैलीमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सबैलाई धन्यवाद दिँदै गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवारले समापन गर्नु भएको थियो।

## ७) कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाईमा आएका मुख्य प्रश्न तथा उत्तरहरु निम्नानुसार रहेका छन् :

| क्र.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्न/गुनासा/सुझाव | जवाफदेहि वक्ताको नाम र पद | जवाफ |
|---|---|---|---|---|
| १ | लोकेन्द्र कार्की<br>फिक्कल-६ | ▪ गाउँपालिका क्षेत्रमा खरको छानो विस्थापित गर्ने भनिएको छ। उक्त कार्यमा किन गाउँपालिकाले एकलौटी तरिकाबाट गरेको हो ? | **पार्वती सुनुवार**<br>गापा अध्यक्ष | ○ गाउँपालिकाले सेवा मार्फत सुशासन र सुशासन मार्फत सम्बृद्धि तर्फ कार्य गरि रहेकोछ। खरको छानो बिस्थापित गर्ने कार्य हामीले लुकीछिपी गरेका छैनौं। सबैको सहयोग र सहकार्यमा नै गरिएको हो। कतै समस्या भए भन्नुहोला, हामी समाधान गर्न तयार छौं। |
| | | | **राजु बराल**<br>गापा उपाध्यक्ष | ○ हामीले त न्याय गरेको जस्तो लाग्छ। गाउँपालिकाबाट खरको छानो विस्थापित गर्ने प्रक्रियामा छौं। कतै कमजोरी भएको भए सुधार गरी अगाडि बढ्नेछौं। |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ किट्नीको बिरामीलाई मासिक पाँचहजार संघीय सरकारबाट दिने भनिएपनि गाउँपालिकाले दिएको छैन, किन ? | **पार्वती सुनुवार**<br>गापा अध्यक्ष | ○ किट्नीको बिरामीलाई संघीय सरकारबाट कुनै किसिमको रकम प्राप्त भएको छैन । |
| | | ▪ गाउँपालिकामा पौने नौ करोड बेरुजु आएको भन्ने सुनिएकोछ । केही बेरुजुहरु ब्यक्तिगत पनि रहेको हुँदा कसरी कम गर्न सकिन्छ ? | **राजु बराल**<br>गापा उपाध्यक्ष<br><br>**राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ हिजोको गाउँविकास समितिको पालादेखिको बेरुजुको रकम जोडिएर आएकोछ । यसमा ब्यक्तिगत बेरुजु पनि रहेकोछ । बेरुजु घटाउन सबैजना लागि परौँ ।<br>○ गतबर्षको गाउँपालिकाको बेरुजु जम्मा ३ करोड ६१ लाख मात्र रहेकोछ । सबै बेरुजु होइन । कतिपय नमिलेको विषयहरु मिलाउने प्रक्रियामा छौँ । |
| | | ▪ ३४१ जना कोभिडको बिरामीको लागि १० हजारको दरले रकम दिइयो । एकतर्फी रुपमा दिएर बाँकी रकम प्रदेशमा नै फिर्ता गयो भनिन्छ तर कसरी थाहा पाउन सकिन्छ ? | **राजु बराल**<br>गापा उपाध्यक्ष | ○ गत आर्थिक बर्षको कार्यक्रममा रहेको थियो । जिल्ला प्रशासन कार्यालयमा समेत उजुरी परेको थियो । हामीले गत आ.व मा नै बाँकी रकम फिर्ता गरेका छौँ । |
| | | ▪ गाउँपालिकाको बनिरहेको प्रशासनिक भवनको संरचना उपयुक्त छैन । बाहिर हेर्दा ठीक भएपनि भित्रको संरचना राम्रो बनेको छैन भन्ने सुनिन्छ । उक्त संचरनाको लगत इष्टमेट र खर्च कहाँबाट हेर्न सकिन्छ ? | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ संरचना निर्माण सम्बन्धमा गुनासो र उजुरी पश्चात् बाह्य परामर्शदाता र प्रदेश पूर्वाधार कार्यालय रामेछापबाट पनि प्रतिनिधि बोलाएर भवन निर्माण प्रक्रिया देखायौँ । अख्तियारमा पनि उजुरी परेको हुँदा अख्तियारबाट पनि आएर हेर्दा लगत स्टमेट अनुसार नै कार्य भएको पाइएकोछ । लगत इष्टमेट र भुक्तानीको प्रक्रिया यहाँले गाउँपालिकाबाट नियमानुसार आउनु भए हेर्न पाउनु हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| २ | सि.बि ज्वाला (**फेसबुक पेजबाट**) | गाउँपालिकाको सार्वजनिक सुनुवाई खाङसाङ बाहेक अन्यत्र राख्न मिल्छ कि मिल्दैन ? | **पार्वती सुनुवार** गापा अध्यक्ष | नियमित रुपमा वडामा पनि सार्वजनिक सुनुवाई भइ रहेकोछ । वडाको सार्वजनिक सुनुवाईमा पनि गाउँपालिकाको तर्फबाट सहभागीता रहने गरेकोछ । |
| ३ | सागर बराल फिक्कल-३ | गाउँपालिकामा गठन गरिएको शिक्षा समितिमा किन शिक्षकहरुको संघ/ संगठनहरुको समावेश छैन ? सबै पक्षलाई समावेश गरेर शिक्षा समिति बनाऔं । | **राजु बराल** गापा उपाध्यक्ष<br><br>**राजेन्द्र कार्की** प्रमुख प्रशासकीय अधिकृत | ○ गाउँ शिक्षा समितिमा शिक्षक महासंघको प्रतिनिधित्व रहेकोछ । गाउँपालिका अध्यक्ष तथा गाउँपालिकाको निर्णय अनुसार गाउँपालिकाको शिक्षा ऐन अनुसार सदस्यहरु रहनुभएको छ । कोही छुट्नुभएको भए हामी सम्बोधन गर्ने प्रयन्त गर्नेछौं ।<br>○ गाउँपालिकाको शिक्षा ऐन अनुसारको शिक्षा समिति गठन गरिएकोछ । उक्त समितिमा सबै पक्षलाई समावेश गराइनेछ । |
| ४ | शुक्रबहादुर सुनुवार (**फेसबुक पेजबाट**) | फिक्कल भ्यू टावर बनाउँदा आरुबोट ठूलीबनमा श्रमिकले ज्याला पूरै पाएका छैनन्, कहिले पाउँछन् ? | **राजु बराल** गापा उपाध्यक्ष | भ्यू टावर निर्माण भएको यत्तिको समयसम्म किन भन्नु भएन । किन अहिलेसम्म कतै ज्याला नपाएको कुरा नगर्नु भएको हो । काम गरेको प्रमाण सहित न्यायीक समितिमा आउनुहोला, ज्याला दिलाउन प्रयत्न गर्नेछु । |
| ५ | हिमाल कार्की फिक्कल-६ (**फेसबुक पेजबाट**) | वडा नं ६ को भवन निर्माणको लागि कसले पनि जग्गा नदिएको अवस्थामा मैले वडा कार्यालयको निर्माणको लागि जग्गा दिएको थिएँ । वडाको नाममा पास भएपछि नियमानुसार पुगेन भनेर अर्को स्थानमा वडा कार्यालय निर्माण भयो । अब मैले उक्त जग्गा ब्यक्तिगत रुपमा फिर्ता पाउँछु कि पाउँदिन ? | **राजु बराल** गापा उपाध्यक्ष<br><br>**धनबहादुर कार्की** निवर्तमान गापा अध्यक्ष | ○ यहाँले कसेले पनि जग्गा नदिएको अवस्थामा दिनु भएको थियो । समुदायले अर्को स्थान उपयुक्त हुने भनी जग्गा दियो र त्यहीँ वडा कार्यालयको भवन निर्माण भयो । यहाँको जग्गा फिर्ता हुन्छ ।<br>○ हामीले यहाँको जग्गा फिर्ता गराउने प्रयत्न गरेकाछौं । केही समय लागेपनि नेपाल सरकारबाट निर्णय भएर यहाँले आफ्नो जग्गा ब्यक्तिगत रुपमा फिर्ता पाउनु हुनेछ । |
| ६ | सुवास कार्की (**फेसबुक पेजबाट**) | फिक्कलभन्दा पनि दुर्गम स्थानहरुमा बिजुली बत्ती पुगिसकेको छ । फिक्कलका | **राजु बराल** गापा उपाध्यक्ष | फिक्कलभन्दा पनि सुगम भए नगरपालिका भइहाल्थ्यो नि । त्यसो नहोला । हामी पोल गाड्ने, तार तान्ने कार्य गरिरहेका छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | सबै बस्तीहरुमा कहिले बिजुली बल्ला ? | | गाउँपालिकको प्राथिमिकताको क्षेत्रमा पनि परेको हुँदा चाँडै सबै बस्तीहरुमा बिजुली बल्छ । |
| ७ | गोपाल पहाडी<br>**(फेसबुक पेजबाट)** | फिक्कल गाउँपालिकाको जग्गाको तीरो जग्गाको मूल्यभन्दा सयगुणा बढी रहेकोछ । मापदण्ड अनुसार जग्गाको बर्गीकरण भएको छैन । गाउँपालिकाले कहिले जग्गाको उचीत वर्गीकरण गरी तीरो घटाउँछ ? | **राजु बराल**<br>गापा उपाध्यक्ष | हामीले जग्गाको वर्गीकरण नीति र विधि अनुसार नै गरेकाछौँ  र सोही अनुसार जग्गामा लाग्ने उचीत तीरो संकलन गाउँपालिकाले गर्ने गरेकोछ । |
| ८ | विशाल पहाडी<br>फिक्कल-४ | फिक्कल गाउँपालिका वडा नं ४ मा निर्माण भएको खानीपानी आयोजनाको लागि मेसिन सहित इष्टमेट तयार भएकोमा किन मेसिन नराखिकन मेसिन सहितको भुक्तानी गाउँपालिकाले गरिएको हो ? | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत<br><br>**मोहन मगर**<br>वडा अध्यक्ष-४ | ○ स्थानीय उपभोक्ता समितिबाट कार्य भएकोछ । बाँकी काम गर्ने दायित्व पनि स्थानीयको नै भएको हुनाले पानी खुवाउने जिम्मा उपभोक्ता समितिको नै रहेकोछ । गाउँपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको गाउँपालिका स्तरीय अनुगमन समितिबाट कार्यको अनुगमन गरी मेसिनको रु ४८ हजार कट्टागरि बाँकी काम सम्पन्न भएको रकम मात्र भुक्तानी गरिएकोछ ।<br>○ उपभोक्ता समिति मार्फत धेरै काम गर्नुभएको छ । उहाँहरु विभिन्न कारणले घाटामा समेत पर्नुभएको छ । मैले सबै इष्टमेट अनुसारको काम गर्न भनेको र अनुगमन समेत गरेको थिएँ । उहाँहरुले यति रकमले कार्य गर्न सकिँदैन भनेको हुँदा मैले सिफारिस दिएको हो । |
| ९ | बिशाल पहाडी<br>फिक्कल-४ | गाउँपालिकाको कर्मचारीहरु हटाउँदा किन गाउँसभामा सदस्यहरुलाई हात उठाउन लगाइएको हो ? किन अन्य कुनै विधि थिएन र ? | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | प्रमुख प्रशासकीय अधिकृतले हटाउन सक्ने प्रावधान रहेको भएपनि गाउँसभाको मर्यादामा प्रजातान्त्रीक विधिको अवलम्बन गरिएको हो । महत्वपूर्ण निर्णय गर्ने निकायको रुपमा गाउँसभा रहने गरेकोछ । |

| | | | | |
|---|---|---|---|---|
| १० | बिक्रम सुनुवार<br>फिक्कल-१ | ▪ आज सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको खर्चको फाँटबारीमा दोहोरो देखिएकोछ । किन एकमुष्ठ खर्च नदेखिएको हो ?<br>▪ गाउँपालिकामा ३० लाखको अध्यक्ष कोष रहेकोछ । अध्यक्ष तथा उपाध्यक्ष कोषको रकम कहाँ र कसरी खर्च गर्ने प्रावधान रहेकोछ ? खर्चको फाँटबारीमा त देखिँदैन । | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ गाउँपालिकामा धेरै शीर्षकहरुमा बजेटको प्रावधान रहेको हुन्छ । त्यसैगरि खर्चपनि टुक्राटुक्रामा भई एकमुष्ठ देखिने गर्दछ । यहाँले एकमुष्ठ खर्चको महलमा हेर्नुहोला । यहाँको हातमा रहेको प्रस्तुतीकरणमा रहेकोछ ।<br>○ पछिल्लो समय कम निकासा प्राप्त भएको र बजेटको अभावमा उपाध्यक्ष कोषको रकम खर्च हुन सकेन । अध्यक्ष कोषको रकम कार्यविधि अनुसार नै खर्च भएकोछ । यहाँलाई उक्त खर्च रकम गाउँपालिकको वइवसाइडमा केही समयपछि हेर्न सक्ने ब्यवस्था मिलाउनेछौँ । |
| ११ | बिशाल पहाडी<br>फिक्कल-४ | ▪ गाउँपालिकाको शिक्षा समितिले कहिले पूर्णता पाउँछ ? गाउँपालिका र संघीय सरकारको शिक्षकले पाउने तलबमा किन विभद भएको हो ? (कसैको मासिक, कसैको त्रैमासिक)<br>▪ लम्कीस्कीन रोगबाट मरेका चौपायाहरुको मालिकलाई गाउँपालिकाले के राहत वितरण गऱ्यो ?<br>▪ गाउँपालिकको अन्य भत्ता भन्नाले के बुझिन्छ ? प्रस्तुतीकरणमा धेरै रकम अन्य भत्ताको लागि खर्च भएको देखिन्छ ? | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ गाउँपालिकाको कूल रकमको ३३ प्रतिशत रकम शिक्षक कर्मचारीहरुको तलब भत्तामा खर्च हुने गरेकोछ । गाउँपालिकाले नियुक्ति गरेका शिक्षकहरुको तलब त्रैमासिक रुपमा आउने गरेकोछ । अहिले छुट भएको हुँदा आगामि आ.व.मा समावेश गर्ने गरी ब्यवस्थापन समेत मिलाई सकिएकोछ ।<br>○ लम्कीस्कीन रोगबाट मरेका चौपायाहरुको क्षतिपूर्त्ति दिने पैशा गाउँपालिकासँग छैन । प्रदेश सरकारलाई लेखी तथ्याङ्क पठाएका छौँ । हामी पनि स्रोतको खोजी र ब्यवस्थापनमा लागेका छौँ ।<br>○ गाउँपालिकको अन्य भत्ता भन्नाले नितान्त गाउँपालिकको जनप्रतिधिले पाउने सुविधाको शीर्षक हो । बागमती प्रदेश सरकारले उक्त रकम उपलब्ध गराउने गरेकोछ । |

| | | | | |
|---|---|---|---|---|
| १२ | देबेन्द्र पाखिन<br>फिक्कल- | ▪ गाउँपालिकाको कर्मचारीहरु राजनैतिक दलको कार्यकर्ता हुन मिल्छ कि मिल्दैन ?<br>▪ गाउँपालिकाले उठाउने करलाई व्यवस्थित गर्न आवश्यक छ । सबैबाट नियमअनुसार उठाऔं । | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ सरकारको कर्मचारीले कार्यालय समयमा राजनैतिक गर्न पाउँदैन र मिल्दैन । उसले उक्त समयमा सेवाग्राहीको काम निष्पक्ष तरिकाबाट गर्नुपर्छ ।<br>○ गाउँपालिकाको मुख्य आयको स्रोत भनेको नै हामीले उठाउने कर हो । यो सबैसँग नियमानुसार उठाउने गरिएकोछ र अनिवार्य गाउँपालिकाले उठाउनेछ । |
| १३ | किरण लुँइटेल<br>व्यवसायी | ▪ आ.व २०७७/०७८ को गाउँपालिकाको योजनाबाट २७ लाखमा सडक बनाउने भनियो । बाटो निर्माणको कार्य सम्पन्न भएपछि २० लाख मात्र पाइयो । अन्य पैशा पाइन्छ मात्र भनिन्छ तर कहिले पाइन्छ ?<br>▪ आ.व २०७८/०७९ मा बाटो सफा गर्दा १९८ घण्टा डोजर चलाएँ । ३ लाख ७० हजार पाउन बाँकी छ । कहिले पाइन्छ ? | **राजेन्द्र कार्की**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ किन यत्तिको समयसम्म मतलब गर्नु भएन । कहिलेको कति रकम पाउन बाँकी छ ? प्रमाण सहित (कार्यादेश, संझौता, लगत इष्टमेट आदि) आउनुहोला । हामी भुक्तानीको लागि प्रयत्न गर्नेछौं । प्रमाण पुगेको खण्डमा गाउँपालिकाले नदिएपनि अदालतबाट पनि उक्त रकम पाउनु हुनेछ । |
| १४ | सागर सागर<br>**(फेसबुक पेजबाट)** | फिक्कल गाउँपालिका वडा नं २ पोखरी नवलपुरका ३५ घरधूरी नागरिकहरुले सडक निर्माणमा ऋण हालेका थिए । उक्त पैशा कहिले फिर्ता पाउँछन् ? | **शंकरबहादुर भण्डारी**<br>वडा अध्यक्ष-२ | आ.व २०७२/०७३ र आ.व २०७३/०७४ मा बजेट उक्त सडक निर्माणको लागि हालियो । तर बजेट कम र खर्च बढी भएको हुँदा स्थानीय उपभोक्ताले उठाएर उक्त योजना सम्पन्न गरेका थिए । आ.व २०७४/०७५ मा गाउँपालिकाबाट बजेट हाली उक्त ऋण तिरिसकेको बुझेकोछु । |
| १४ | पुरुषोत्तम बराल<br>**(फेसबुक पेजबाट)** | बाक्सु खानीटार लिफ्ट सिंचाई योजनाको प्रगती के हुँदैछ ? मलेपको प्रतिवेदन अनुसार अमानतमा काम गरेको सुनिन्छ ? | **शंकरबहादुर भण्डारी**<br>वडा अध्यक्ष-२ | बागमती प्रदेश सरकारको सशर्त बजेट ५८ लाखमा योजनाको ठेक्का भएको थियो । ४७ लाखमा निर्माण व्यवसायीबाट काम सुरु भयो । डीपीआर बन्दा ३९ लाख ५० हजारमा बनेको थियो । ६ लाख बचत भएकोमा कोटेशन मार्फत |

| | | | | |
|---|---|---|---|---|
| | | | | पाइप खरिद गरिएको छ । प्रक्रियामा मात्र मलेपले प्रश्न उठाएको हो । अहिले बिजुलीको पोल, तार ब्यवस्थित भइ सकेकोछ । |
| १६ | लोकेन्द्र कार्की फिक्कल-६ | वडा नं २ मा निर्माण भएको सडकमा १९ लाख ४५ हजारमध्ये ११ लाख मात्र मेसिन साहूले बुझेको भन्ने आएकोछ । यथार्थ के रहेछ ? | **शंकरबहादुर भण्डारी** वडा अध्यक्ष-२ | मैले त सुनेको नै अहिले हो । के रहेछ, सत्यतथ्य बुझौंला । एकिन भएमा कानूनी प्रक्रियामा सँगै जाउँला । |
| १७ | डोरप्रसाद फुयाँल **(फेसबुक पेजबाट)** | वडा नं २ को प्रावि धमिनी छेउमा बन्दै गरेको मन्दिर बिगत ४ वर्षदेखि निर्माण भइरहेकोछ । अब कति समयपछि मन्दिरमा पूजा गर्न पाइएला ? | **शंकरबहादुर भण्डारी** वडा अध्यक्ष-२ | यहाँले भन्नुभएको जस्तै उक्त मन्दिर निर्माणमा लगानी गरेको ३ वर्ष भयो । मन्दिरभित्र मूर्ति राख्ने कार्य उपभोक्ता समितिको साझेदारीमा सम्पन्न भएको हुँदा अब संचालनमा आउँछ । |
| १८ | सुमन पहाडी **(फेसबुक पेजबाट)** | वडा नं २ को लुम्तीतिर गाडिएका बिजुलीको पोलहरु खिया लागेर ढल्ने अवस्थामा पुगेकोछ । अब कहिले बिजुली बल्ला ? | **शंकरबहादुर भण्डारी** वडा अध्यक्ष-२ | वडा नं २ को लुम्तीतिर गाडिएका बिजुलीको पोलहरु गाडी तार टाँग्ने कार्य सम्पन्न भएकोछ । तार तत्काल नभएको हुँदा केही ढिला भएको हो । अब छिट्टै बिजुली बत्ती बल्नेछ । |
| १९ | शिवशंकर साह फिक्कल-२ | ▪ वडा नं २ मा निर्माण भइरहेको लघु जलविद्युतमा गाउँपालिकाको धेरै लगानी भएकोछ । छ महिना पनि बिजुली बाल्न नपाउने यस्तो योजनामा किन गाउँपालिकाले लगानी गरेको होला ?<br>▪ वडा नं २ मा वितरण गरिएको जस्तापाता खरिद कसले गरेको हो ? गाउँपालिका कि वडाले ?<br>▪ उपभोक्ता समिति बनाउँदा किन आसेपासेलाई मात्र | **शंकरबहादुर भण्डारी** वडा अध्यक्ष-२ | ○ उपभोक्ता समिति गठन भई उक्त लघुजलविद्युतमा भर्खरै पैशा गएकोछ। कार्य भइरहेकोछ। खर्च प्रक्रिया सुरुवात् भएकोछ । काठको पोल भएको कारण विद्युत आपूर्तिमा समस्या भएको हो ।<br>○ गरीबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत २ लाख रुपैंयामा उक्त जस्तापाता खरिद गरिएको हो । वडामा विभिन्न १४ समूहहरु रहेकोमा २ वटा समूहहरु अत्यन्तै विपन्न तथा खरको छानो विस्थापित गर्नुपर्ने भएको हुँदा ८ फिटे १५ वण्डल जस्तापाता खरिद गरी ५ जना बिपन्न परिवारलाई दिइएको हो<br>○ उपभोक्ता समिति स्थानीय नागरिकहरु मिलेर बनाउने |

| | | | | |
|---|---|---|---|---|
| | | राखिन्छ । गोठ सुधार, पाइप वितरणमा किन फरक पार्टीलाई गर्ने व्यवहार देखिन्छ ? | | गरिन्छ । यसमा फरक गर्नुपर्ने केही छैन । सामग्री पनि उपभोक्ता समितिले नै खरिद र वितरण गर्ने गर्दछ । वडाले त अनुगमन र सिफारिसको काम मात्र गर्दछ । |
| २० | सागर बराल फिक्कल-३ | ▪ वडा नं ३ मा गएर भैँसीको थलो हेऱ्यो भने एमाले र अन्य पार्टी छुट्टाउन सकिन्छ । के भैँसीको थलो सुधार गर्न पनि एमाले नै बन्नुपर्ने हो र ?<br>▪ वडा नं २ को खोला झर्ने सडक निर्माणको काम कहिले सम्पन्न होला ? | **टेकबहादुर रजनमगर** वडा अध्यक्ष-३ | ○ भैँसीको थलो सुधार गर्न एमाले बन्नु पर्दैन । वडामा थोरै संख्यामा आएको हुँदा थोरै कृषकहरुले मात्र थलो सुधारको कार्यक्रम पाउनु भएको हो । उक्त वडामा सबैजना एमाले भएको हुँदा त्यसो हुन गएको होला ।<br>○ हामीले सडक निर्माण र सुधारको योजना बनाएका छौँ । सोही अनुसार उक्त सडकको काम पनि गाउँपालिकको प्राथमिकता अनुसार हुन्छ । |
| २१ | बिशाल पहाडी फिक्कल-४ | निर्माण अलपत्र रहेको वडा नं ४ स्थित स्वास्थ्य चौकी भवन निर्माणको काम कहिले सम्पन्न हुन्छ ? | **मोहन मगर** वडा अध्यक्ष-४ | उक्त भवन निर्माण सम्पन्न गराउनको लागि मैले ब्यक्तिगत रुपमा पनि धेरै पहल गरेकोछु । काठमाण्डौं पनि गएँ । अहिले यहाँहरुले पनि हेर्न सक्नुहुनेछ । अत्यन्तै द्रुतगतिमा काम भई रहेकोछ । २ महिनाभित्र उक्त भवन निर्माणको काम सम्पन्न हुनेछ । |
| २२ | सोल्पाली कलम **(फेसबुक पेजबाट)** | ▪ वडा तथा गाउँपालिकाम साना किसानको लागि सहज हुने काम के भइ रहेकाछ ? यूवाहरु घरखर्च चलाउनको लागि नै विदेशीने बाध्यता कहिले अन्त्य हुन्छ ?<br>▪ कर्पुमा खानेपानीको अत्यन्तै समस्या रहेकोछ । एकघर एकधाराको काम | **बैकुण्ठलाल पहाडी** वडा अध्यक्ष-५ | ○ थोपा सिंचाईबाट तरकारी उत्पादन गरी खाङसाङ बजार र सोल्पामा बिक्रि वितरण गरिरहेका छन् । जुठेल्नो कार्यक्रमबाट सिमेन्टको ट्याङ्की निर्माण गरी सिंचाईको आँशिक प्रबन्ध गरिएकोछ । गाउँको एकैजना कृषकले आजमात्र २२ हजारसम्मको आँप बेचेका छन् । गाउँपालिकको साझेदारीमा संचालन गरिएको हेफर परियोजनाबाट सबै वडाहरुमा फलफूलका बिरुवा वितरण गर्ने क्रममा आज मात्रै वडा नं ५ मा |

| | | | | |
|---|---|---|---|---|
| | | कहिले सम्पन्न हुन्छ ? हामीले कहिलेसम्म ६ घरले एउटा धाराको पानी खानुपर्ने हो ? | | १६५० फलफूलका बिरुवा वितरण गरिएकोछ ।<br>○ कर्पुमा खानेपानीको योजना क्रमागत भएको हुँदा निर्माणको कार्य भइ रहेकोछ । हामी अर्को बर्षसम्म पानी खुवाउने गरी कार्य गरि रहेकाछौँ । |
| २३ | सोल्पाली कान्छो **(फेसबुक पेजबाट)** | कर्पुको बाटो किन नबनाउनु भएको हो ? | **बैकुण्ठलाल पहाडी** वडा अध्यक्ष-५ | कतैबाट पनि बजेट नपरेको कारण उक्त सडक निर्माण गर्न सकिएको छैन । |
| २४ | राम कार्की **(फेसबुक पेजबाट)** | वडा नं ६ मा खोर नबनाईकन नै १ लाख ३० हजार भुक्तानी गरिएको कुरा सुनिन्छ । कुन विधिबाट उक्त रकम वितरण गरिएको हो ? | **कुलेन्द्रबहादुर मगर** वडा अध्यक्ष-६ | हामीले खोर निर्माण सम्पन्न नभएका कृषकहरुलाई भुक्तानी दिएका छैनौं । विधि अनुसार नै कार्य सम्पन्न भएकालाई अनुगमन पश्चात् भुक्तानी दिइएको हो । |
| २५ | बिपुल पहाडी फिक्कल-४ | ▪ विद्यार्थीभन्दा शिक्षक बढी भएका विद्यालयहरुलाई के गरिन्छ ?<br>▪ गाउँपालिकाले दरबन्दी मिलान गर्दा किन माथिल्लो कक्षा संचालन भएकोलाई प्राथमिकता दिएन ?<br>▪ गाउँपालिकाले शिक्षकको दरबन्दी तयार गरी विद्यालयमा पठायो तर बैशाखदेखि तलब नै खान पाएका छैनन् ? | **हरिलाल बिश्वकर्मा** विद्यालय निरीक्षक | ○ गाउँपालिकाले मापदण्ड बनाएकोछ । सोही अनुसार ब्यवस्थापन गरिन्छ । यस विषयमा गाउँपालिकाको शिक्षा समितिमा पनि छलफल गरि निर्णय गरिनेछ ।<br>○ गाउँपालिकामा प्राप्त हुने शिक्षकको दरबन्दीहरु कतिपय शिक्षा विकास तथा समन्वय इकाईबाट र कतिपय गाउँपालिकामा आई कार्यपालिकाको निर्णयबाट वितरण हुने हुँदा त्यसो हुन गएको हो । गाउँपालिकाले माथिल्लो कक्षा संचालन र धेरै विद्यार्थीहरु भएका विद्यालयलाई पहिलो प्राथमिकतामा राखेर दरबन्दी बितरण गरेकोछ ।<br>○ चालु आ.व को चौथो त्रैमासिकको गाउँपालिकाबाट नियुक्ति भएका शिक्षकहरुको पारिश्रमिक गएको छैन । माथिबाट नै फुकुवा नभएको कारण त्यसो हुन गएको हो । अर्को आर्थिक वर्षको सुरुमा नै |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ गाउँपालिकाको उत्कृष्ठ शिक्षक छनौटको आधार के हो ? | | निकासा गर्ने गरी व्यवस्थापन गरिएकोछ ।<br>○ गाउँ शिक्षा समितिबाट स्वीकृत गराइएको उत्कृष्ठ शिक्षक छनौट मापदण्ड छ । सोही अनुसार नै हुने गरेकोछ । |

## ८. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि-२०६७ तथा गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) ले गरेको व्यवस्था अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने व्यवस्था रहेको थियो । तर गाउँपालिकाको अघिल्ला सार्वजनिक सुनुवाईमा कुनै प्रतिबद्धता नभएको हुँदा प्रतिबद्धता कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गराइएन ।

## ९. सार्वजनिक प्रतिबद्धता

सार्वजनिक सुनवाई संचालनको क्रममा धेरै प्रश्न, जिज्ञासा तथा गुनासाहरु आएकामा अधिकाँशको तत्काल नै समाधान भएको थियो । विभिन्न ४ (चार) बुँदाहरुमा गाउँपालिकाको तर्फबाट सार्वजनिक प्रतिबद्धता जारी भई हस्ताक्षर गरिएको थियो । प्रतिबद्धताको हस्ताक्षर प्रति **अनुसूची-४ मा रहेकोछ ।**

**<u>प्रतिबद्धता नं १.</u>** फिक्कल गाउँपालिका तथा वडा कार्यालयबाट सेवालिंदा बञ्चित भएको गुनासा/जिज्ञासा आएकोले वडा तथा गाउँपालिकाबाट प्रभावकारी सूचना प्रवाह गरी कार्यक्रम संचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं २.</u>** फिक्कल गाउँपालिकाको शिक्षा समितिले गरेका कार्य, विद्यालय अनुगमन, दरबन्दी मिलान लगाएतका विषयहरुमा केही गुनासाहरु रहेको हुँदा प्रभावकारी व्यवस्थापन सहित कार्यगर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं ३.</u>** गाउँपालिकाको योजना फरफारकको प्रक्रिया झण्झटिलो र लामो भएको हुँदा उपभोक्ता समितिले सास्ती ब्यहोर्नु परेको सन्दर्भमा छोटो प्रक्रियाबाट कार्यगर्ने प्रक्रिया अबलम्बन गर्ने विधिहरु खोजी गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धता नं ४.</u>** फिक्कल गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन कार्यविधि स्वीकृत गरी हरेक चौमासिक अबधिमा वडा तथा गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्ने तथा सहभागीता बृद्धिमा ध्यानदिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**<u>प्रतिबद्धतामा हस्ताक्षर गर्नेहरुः</u>**

- फिक्कल गाउँपालिका अध्यक्ष **श्री पार्वती सुनुवार**
- फिक्कल गाउँपालिका उपाध्यक्ष **श्री राजु बराल**
- फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री राजेन्द्र कार्की**

## १०. कार्यक्रमको सवल पक्षहरु

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरुको सहभागीतामा संचालन गरिएको ।
- गाउँपालिकाको तर्फबाट बार्षिकरुपमा भएका समग्र भौतिक र बित्तीय प्रगती प्रस्तुतीकरण गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- सार्वजनिक सुनुवाईको विषयमा गाउँपालिकाले सूचना बनाई वेइबसाइड तथा सार्वजनिक स्थलमा टाँस गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न मस्यौदा कार्यविधि अनुसारको बहिर्गमन अभिमत संकलन गरी नतिजा प्रस्तुतीकरण गरिएको ।
- सार्वजनिक सुनुवाईको गाउँपालिकाको फेसबुक पेजबाट प्रत्यक्ष प्रशारण गरी प्रश्नहरु संकलन गर्दै नागरिकहरुको उत्तर दिइएको ।
- कार्यविधिले तोकेको समय (चौमासिक समयावधि) मा नै सार्वजनिक सुनुवाई संचालन भएको ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- सार्वजनिक सुनुवाई लगाएत सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्ने कार्यविधि गाउँपालिकाबाट स्वीकृत गरी हरेक चौमासिक अवधि भित्र नै वडा तथा गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्दा प्रभावकारी एवं नागरिक सहभागीता बढ्ने ।
- बहिर्गमन अभिमत संचालन गर्दा सेवाग्राहीको संख्याबृद्धि गरी परीक्षणको आकार बृद्धि गर्नुपर्ने ।
- नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- वडा-वडामा सार्वजनिक सुनुवाई संचालन पश्चात् गाउँपालिकास्तरमा संचालन गर्दा प्रभावकारी हुने ।
- पर्चा, पम्प्लेट तथा फ्लाक्ससीट तयार गरी वडा तथा बस्तीस्तरसम्म प्रचार-प्रसार गर्न सके अझै प्रभावकारी हुने ।
- स्थानीय एफ्‌एम्‌बाट प्रत्यक्ष प्रशारण (लाइभ) गर्न सके अझै नागरिकहरु  सम्म सूचना पुऱ्याउन सजिलो हुने ।


## १२. समस्याहरु

- असारमा कार्यब्यस्थताको कारण सेवाग्राही नागरिकहरु जुटाउन समस्या ।
- सेवाग्राहीको उपस्थिति संख्या न्यून भएको ।
- बहिर्गमन अभिमत प्रभावकारी रुपमा संचालन गर्न नसकिएको ।
- नागरिक प्रतिवेदन संचालन गर्न नसकिएको ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु तथा अन्त्य गर्न नसकिएको ।

## १३. निष्कर्ष

फिक्कल गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीहरुबीच अन्तरक्रिया गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो, जिज्ञासा र सुझावहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई समग्रमा प्रभावकारी नै रहेको मान्न सकिन्छ। फिक्कल गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले वडा तथा गाउँपालिकाले शिक्षा क्षेत्रमा गरिएको कार्यको प्रभावकारीता बृद्धि गर्नुपर्ने, कृषिमा गरिएको लगानी मागमा आधारित गराई प्रभावकारी बनाउनुपर्ने, सडक र विद्युतमा प्राथमिताका साथ कार्य गर्नुपर्ने, गाउँपालिकाले कार्य योजना बनाई कार्य प्रगती देखिने कार्यक्रमहरु संचालन गर्नुपर्ने, योजनाको अनुमगन तथा मूल्याङ्कन प्रक्रियालाई थप व्यवस्थित र विश्वसनीय बनाउनुपर्ने लगायतका प्रश्न तथा सुझाव दिएका थिए ।

सार्वजनिक सुनुवाईमा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरुले यस्तो हाकाहाकी प्रश्नउत्तर गर्न पाईने सार्वजनिक सुनुवाई जस्तो कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए । राज्यले लगानी गर्ने तर उपयुक्त प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माणमा समेत अपनत्वको भाव पैदा गर्न सार्वजनिक सुनुवाईले सजिलो बनाउने बताएका थिए । सार्वजनिक सुनुवाईका सेवाग्राहीहरु नागरिक अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालाहरुलाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । गाउँपालिकाबाट सार्वजनिक सुनुवाई लगाएत सामाजिक जवाफदेहिता प्रबर्द्धन गर्ने कार्यविधि स्वीकृत गरी हरेक चौमासिक अवधिभित्र नै नागरिकहरुको सहभागीता बृद्धि गर्दै सार्वजनिक सुनुवाई संचालन गर्नसके विकास निर्माणमा थप पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।



**(समाप्त)**

## अनुसूची-१

### तस्वीरमा सार्वजनिक सुनुवाई



सार्वजनिक सुनुवाई संचालनको उद्देश्यको विषयमा जानकारी गराउनु हुँदै फिक्कल गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष एवं गाउँपालिका प्रवक्ता श्री कुलेन्द्रबहादुर मगर ।



सार्वजनिक सुनुवाईका सहभागीहरु गाउँपालिकाबाट प्रस्तुत भएको भौतिक तथा बित्तीय प्रगती सुन्दै र हेर्दै ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक सहभागी ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै एक सहभागी ।




सार्वजनिक सुनुवाईमा कार्यक्रमप्रतिको धारणा राख्नु हुँदै निवर्तमान गाउँपालिका अध्यक्ष श्री धनबहादुर कार्की ।



सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको उत्तर दिनुहुँदै गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवार साथमा उपाध्यक्ष श्री राजु बराल, प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्की ।

**अनुसूची-२**

बहिर्गमन अभिमतको नतिजा/प्रतिवेदन

**(गाउँपालिका /नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना) को अनुसूची-२० अनुसार संकलन गरिएको)**

बहिर्गमन अभिमत (Exit Poll)

**संक्षिप्त प्रतिवेदन**

फिक्कल गाउँपालिका

**सार्वजनिक सुनुवाई**

**३१ असार २०८०**

| | | | | | |
|---|---|---|---|---|---|
| **संचालन गरिएको अवधि** | | **देखि** | असार-२९ | **सम्म** | असार-३१ |
| **जम्मा सेवाग्राही** | २५ जना | **महिला** | १२ जना (४८%) | **पुरुष** | १३ जना (५२%) |
| **साक्षरताको अवस्था** | | | | | |
| **एस्इई सम्म** | ४८% | **आइए** | ४८% | **बीए र सो भन्दा माथि** | ४% |

**१) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| शीर्षक | अंक | प्रतिशत | कैफिएत |
|---|---|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ४ | १६ | |
| अनुमति/दर्ता/नविकरण | ० | ० | |
| आर्थिक सहयोग लिन | १ | ४ | |
| योजना माग गर्न | ० | ० | |
| योजनाको किस्ता लिन | ३ | १२ | |
| योजनाको मूल्याङ्कन तथा फरफारक गराउन | ८ | ३२ | |
| योजनाको अन्तिम भुक्तानी लिन | ३ | १२ | |
| स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न | ० | ० | |
| सूचनामूलक सामग्री प्राप्त गर्न | १ | ४ | |
| **अन्य कुनै भए** ( विद्यालयको माग फाराम बुझाउन, भवन निर्माण संहिता बुझ्न, स्वास्थ्य सेवा लिन, परामर्श सेवा आदि) | ५ | २० | |
| **जम्मा** | **२५** | **१००%** | |

**२. नागरिकहरुबाट प्राप्त अभिमत**

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन (उपयुक्त कोष्ठमा रेजा लगाउने) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अति स्पष्ट | | ठीकै | | अस्पष्ट | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईंको धारणा के-कस्तो ? | १८ | ७२ | ७ | २८ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सेवा प्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ? | अति धेरै | | ठीकै | | थोरै | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | १२ | ४८ | १३ | ५२ | ० | ० |
| ३ | तपाईं प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | | ठीकै | | अभद्र/अमर्यादित | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | १२ | ४८ | १३ | ५२ | ० | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईंलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | | ठीकै | | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | १३ | ५२ | १२ | ४८ | ० | ० |
| ५ | तपाईंले राख्नुभएका समस्यालाई के कस्तो समाधार दिए ? | अति सजिलो तरिबाट समाधान दिए | | ठीकै | | समाधार दिन सकेनन् | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ६ | २४ | १२ | ४८ | ७ | २८ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो (छिटो) | | ठीकै | | लामो | |
| | | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** | **अंक** | **प्रतिशत** |
| | | ५ | २० | १२ | ४८ | ८ | ३२ |

## ३. नागरिकहरुबाट प्राप्त सकरात्मक पक्षहरु

- समग्रमा गाउँपालिकाको सेवा प्रभावकारी रहेको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरु मिलनसार रहनुको साथै बानीब्यहोरा राम्रो रहेको ।
- वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा सेवा प्रवाह भएको ।
- गाउँपालिकाले कृषि तथा वातावरणको क्षेत्रमा राम्रो कार्य गरेको ।
- गाउँपालिकामा शौचालय तथा खानेपानीको प्रबन्ध रहेको ।

## ४. नागरिकहरुबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- गाउँपालिकाले बालबालिकाको क्षेत्रमा लगानी बढाउनुपर्ने ।
- घुम्तीसेवा मार्फत् वडा-वडामा सेवा प्रवाह गर्नुपर्ने ।
- गाउँपालिकामा बत्तीको बैकल्पीक ब्यवस्थापन गरी सेवा प्रवाह निरन्तर हुने ब्यवस्था गर्नुपर्ने ।
- गाउँपालिकको नयाँ भवन निर्माणको कार्य छिटो सम्पन्न गरी कार्य प्रारम्भ गर्नुपर्ने ।
- गाउँपालिकाले आवश्यक औषधीहरु पर्याप्त ब्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिका तथा वडामा आउने सेवाग्राहीहरुलाई कामको विषयमा सहजीकरण गर्नुपर्ने ।
- गाउँपालिकामा सेवाग्राहीहरुलाई कार्यको समयमा प्रतीक्षा गर्दा बस्ने ब्यवस्थापन मिलाउनु पर्ने ।

**समाप्त**

**अनुसूची-३**

सार्वजनिक सुनुवाई संचालन तालिका

**"फिक्कल सम्बृद्धिको मूल आधार,कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगार"**

फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रबाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाई

**३१ असार २०८०**

**खाङसाङ, सिन्धुली**

**<u>सार्वजनिक सुनुवाईको उद्देश्य</u>**

- फिक्कल गाउँपालिका, वडा कार्यालय, विषयगत शाखा कार्यालयहरुको चालु आ.व २०७९/०८० मा गरिएको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई थप जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति दिलाउने ।

**<u>कार्यक्रम विवरण</u>**

- मिति : ३१ असार २०८० (आइतबार)
- स्थान : सुनकोसी माध्यमिक विद्यालयको परिसर खाङखाङ, सिन्धुली
- समय : दिनको ११ वजेदेखि
- आयोजक : फिक्कल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खाङखाङ, सिन्धुली

**१. संचालन** :- उमङ्ग मैनाली/स्वतन्त्र सहजकर्ता

**२. जवाफदेही वक्ताहरु**

- फिक्कल गाउँपालिका अध्यक्ष **श्री पार्वती सुनुवार**
- फिक्कल गाउँपालिका उपाध्यक्ष **श्री राजु बराल**
- फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री राजेन्द्र कार्की**
- फिक्कल गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री होम बहादुर सुनुवार**
- फिक्कल गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री शंकर बहादुर भण्डारी**
- फिक्कल गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री टेक बहादुर रजन मगर**
- फिक्कल गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री मोहन मगर**
- फिक्कल गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री बैकुण्ठलाल पहाडी**
- फिक्कल गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री कुलेन्द्र बहादुर मगर (प्रबक्ता)**

**संचारकर्मी तथा अन्य अतिथिहरु**

- फिक्कल गाउँपालिका निवर्तमान अध्यक्ष **श्री धनबहादुर कार्की**
- निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीबी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायत कार्यक्रममा उपस्थित सबैलाई **यथास्थानमा तालीको साथ आसन ग्रहणको** लागि अनुरोध ।

३. स्वागत सहित कार्यक्रमको उद्देश्य :- फिक्कल गाउँपालिका उपाध्यक्ष **श्री राजु बराल**

४. आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :-संचालक

**५. प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्कीबाट**

- फिक्कल गाउँपालिकाद्धारा चालु आ.व २०७९/०८० मा भएको आयब्यय लगायत भौतिक र बित्तीय समग्र प्रगतीको अवस्थाको जानकारी ।

६. सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना) को अनुसूची-२० अनुसार संकलन गरिएको **बहिर्गमन अभिमतको नतिजा प्रस्तुतीकरण**

**खुल्ला छलफल/हाक्कहाक्की प्रश्नोत्तर/सवालजवाफ**

७. धन्यवाद ज्ञापन तथा समापन : फिक्कल गाउँपालिका अध्यक्ष **श्री पार्वती सुनुवार**

८. प्रतिबद्धता तयारी तथा हस्ताक्षर

**चिया, खाजा**

# अनुसूची-४
# सार्वजनिक सुनुवाईको प्रतिबद्धता

**"फिक्कल सम्बृद्धिको मूल आधार,कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगार"**
फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रवाह गरिएको सार्वजनिक सेवाको प्रभावकारीता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाइ

**साझा सार्वजनिक प्रतिबद्धताको घोषणा-पत्र**
३१ असार २०८०, खाङ्खाङ, सिन्धुली

स्थानीय तह लगाएत सार्वजनिक सस्थाहरुले प्रवाहगर्ने बस्तु, सेवा र सुविधाको प्रभावकारीताका विषयमा सरोकारवालाहरुलाई जानकारी दिने, खुला मन्चमा साझा सवालहरुमा बहस, पैरबी गर्ने पद्धतीको विकास गर्ने, लक्षित वर्ग र सेवाग्राहीप्रति जबाफदेही र पारदर्शी भएको बोध गराउने तथा सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त पार्नका लागि पृष्ठपोषण लिने मुख्य उद्देश्यका साथ आज मिति २०८० साल असार ३१ गतेका फिक्कल गाउँपालिका, सिन्धुलीको आयोजनामा **सार्वजनिक सुनुवाई** सम्पन्न भएकोछ। **११०**जना भन्दाबढी सरोकारवाला र सहभागीहरुबीच बृहत् रुपमा हाक्काहाक्की प्रश्नोत्तर/छलफल गरी तपसिल बमोजिमका साझा प्रतिबद्धताहरुको घोषणा गरेका गरिएको छौं । यी साझा प्रतिबद्धताहरुको कार्यान्वियन गर्नुलाई हामीले आफ्नो पूर्ण जबाफदेहीता समेत महशुस गरेकाछौं ।

**प्रतिबद्धताहरु**

| प्रतिबद्धता नं. | प्रतिबद्धता |
|---|---|
| १. | फिक्कल गाउँपालिका तथा वडा कार्यालयबाट सेवा लिँदा वाञ्चित भएको गुनासो/जिज्ञासा आएको हुँदा वडा तथा गाउँपालिकाबाट प्रभावकारी सूचना प्रवाह गरी कार्यक्रम संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं । |
| २. | फिक्कल गाउँपालिकाको शिक्षा समितिले गरेको कार्य, विद्यालय अनुगमन दरबन्दी मिलान लगायतका विषयहरुमा केही गुनासाहरु रहेको हुँदा प्रभावकारी व्यवस्थापन सहित कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं । |
| ३. | गाउँपालिकाको योजना फरफारकको प्रक्रिया झन्झटिलो र लामो भएको हुँदा उपभोक्ता समितिले सास्ती व्यहोर्नु परेको सन्दर्भमा छोटो प्रक्रियाबाट कार्य गर्ने प्रक्रिया अवलम्बन गर्ने विधिहरु खोजी गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं |
| ४. | फिक्कल गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि स्वीकृत गरी हरेक चौमासिक रुपमा वडा तथा गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्ने तथा सहभागीता वृद्धिमा ध्यानदिने प्रतिवद्धता व्यक्त गर्दछौं । |
| | |
| | |

**प्रतिबद्धतामा हस्ताक्षर गर्ने**

१. फिक्कल गाउँपालिका अध्यक्ष श्री पार्वती सुनुवार
२. फिक्कल गाउँपालिका उपाध्यक्ष श्री राजु बराल
३. फिक्कल गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कार्की

## अनुसूची-५
## सार्वजनिक सुनुवाईको उपस्थिति

आज मिति २०८० साल असार ३१ गते आइतबारको दिन एवं गाउँपालिकाका अध्यक्ष श्री पार्वती सुनुवारको अध्यक्षतामा फिक्कल गाउँपालिका, सिन्धुलीको आयोजनामा संचालन गरिएको फिक्कल गाउँपालिकाबाट चालु आ.व २०७९/०८० मा प्रवाह गरिएको सार्वजनिक सेवाको प्रभावकारिता र विकास निर्माणको गुणस्तरीयता विषयक सार्वजनिक सुनुवाईमा निम्न व्यक्तिहरूको उपस्थिति रह्यो:

उपस्थिति

श्री पार्वती सुनुवार, गा.पा अध्यक्ष
श्री राजु बराल, गा.पा उपाध्यक्ष
श्री राजेन्द्र कार्की, प्रमुख प्रशासकीय अधिकृत
श्री होम बहादुर सुनुवार वडा अध्यक्ष, १ नं. वडा
श्री शंकर बहादुर भण्डारी वडा अध्यक्ष, २ नं. वडा
श्री टेकबहादुर रजन मगर वडा अध्यक्ष, ३ नं. वडा
श्री मोहन मगर वडा अध्यक्ष, ४ नं. वडा
श्री बैकुण्ठलाल पहाडी वडा अध्यक्ष, ५ नं. वडा
श्री कुलेन्द्र राना मगर वडा अध्यक्ष, ६ नं. वडा
श्री मंगला देवी थयाङ, कार्यपालिका सदस्य
श्री विष्णु बहादुर सुनुवार - ने.क.पा. माओवादी
श्री लोकेन्द्र कार्की - " "
श्री शिव शंकर शाह " "
श्री तिलक नेपाली वि.क. " "
श्री कमल वि.क. " "
श्री प्र.ना.नि. श्याम कार्की प्र.चौ. खाडसाङ्, सिन्धुली
श्री देव बहादुर कुर्वाचोकी - रोजगार संयोजक प्र.म. रोजगार कार्यक्रम
श्री हिरालाल पहाडी श्री माध्यमिक मा.वि. कुन्ती नि.प्र.अ.
श्री किसान ब. राई श्री आ.वि. देउराली प्र.अ.
सह मान दमाई श्री सह मान दमाई
श्री नवराज पहाडी - CCS - अध्यक्ष
श्री राज कुमार कार्की - पशु सेवा विकास शाखा
श्री घनश्याम पहाडी - सुनकोशी प्रा.वि. फिल्डमा
श्री शिव बराल - खेलकुद अध्यक्ष
श्री Shiban Shrestha
श्री घनश्याम कार्की - निवर्तमान गा.पा. अध्यक्ष

श्री चन्द्र व. पाख्रिन

टिकाराम वि.क

श्री ज्ञान बहादुर मगर श्री ज्ञानोदय मा.वि. माझुटोल

श्री Santosh pahadi(our Hikkal our Nature club)

श्री चिरन्जीवी माझी (फिक्कल ४-डि. व. बी. स्काउट लाउ)

श्री माधव थापा मगर (फिक्कल २ श्री प्रा.वि. वाङ्गावेशी)

श्री चित्र बहादुर पुलामी (फिक्कल ६ . जाउ.जाउ.

पवित्रा पवित्रा गुरुङ फिक्कल -५ जा.उ.जा.उ.

ईन्द्र व० थोपा फिक्कल - ४

खिमराज मगर - फिक्कल-४

तेज बहादुर - फिक्कल - ६

टेक नाथ बेल फिक्कल ४

भानु प्र.उपाध्याय फिक्कल ४

कुमारी कुमारी माझी - फिक्कल - ४

जानुका जानुका पहारी - फिक्कल-४

कुमारी थापा फिक्कल २

देवेन्द्र पहाडी - फिक्कल - २ (पशु प्राविधिक)

पार्वती कुमारी तामाङ - फिक्कल - १ (का.स.

ओमबहादुर मगर - फिक्कल ८. (प्रधानमन्त्री)

बि. एन. चितौल (सेचेत कटुवा)

ठाकुर बराल (फिक्कल ८)

कमल बहादुर थापा → वडा सचिव

महेश राम थापा - पशु स्वास्थ्य

चिरञ्जिवी पहाडी: श्री मा.वि. रातमाटे सेलाङ

विपुल पहाडी श्री महाकाली मा.वि. फेदी

सूर्य प्रसाद पहाडी " " " " प्र.अ.

हरिलाल विश्वकर्मा वि.नि. फिक्कल गा.पा.

ई. संदीप उपाध्याय, कृषि ईन्जिनियर, फिक्कल गा.

किशोरी लामिछाने प्र.अ.(शिक्षा) "

मोहनाथ पहाडी - फिक्कल - ३ सिरकुटी

बिष्णु कुमार फिक्कल - ३ सिटमे

ठाकुर प्रसाद फुयाल - प्र.अ. मा.वि. रातमाटा

सानु पौडेल (उद्यम विकास सहजकर्ता)

सञ्जीवनी नेछड (नेप सहायक)

कृतिता कार्की (उद्यम विकास सहजकर्ता)

पदम साकी

फुलबहादुर सार्की

माया सार्की

रुद्र बहादुर मगार वडा सदस्य

पादे गौतम (अर्टिकल फिट)

दिनेश भण्डारी IT इन्जिनियर

रिता कुमारी चमला

सुनिता थापा Relief Nepal

आशिषा सुनुवार (अ. सब इन्जिनियर)

सञ्चिता पहाडी

रुपा रनाला (सहायक पाँचौं प्रशासक)

चम्पा राहाल खा.पा.स.टे

प्रदीप खुलाल अ. सब इन्जिनीयर

देवीराज डाँफले वडा सदस्य - ०४ (फिक्कल)

भीम कुमार नेपाली - फिक्कल - ४

रुद्र कुमार डाँफले प्र.अ. श्री ब्रह्मेश्वरी मा.वि. वि.व्य.स. अध्यक्ष

फूलमाया भुजेल वडा सदस्य

मञ्जु ब० थापा

हिक्र ब० सार्की

विष्णु प्र० पहेरी फिक्कल-३ सिन्धुली

तारा विश्वकर्मा (कार्यपालिका सदस्य)

भोज ब० कार्की

सुरेन्द्र कुमार पाण्डे (आश्रमबाट वडा-६ अध्यक्ष)

मोहन ब० आले मगर वडा नं. ४ माझी

उद्धव प्रसाद ठकुरी फिक्कल - ४ वडापति

कुसुम युवराज सुवेदी

प्र.ह. धर्मेन्द्र सिंह प्र.मा.

टेक राज पहाडी

बिशाल पहाडी

युवराज पहाडी ४ नं. वडा सचिव फिक्कल

श्री लेखनाथ फुयाल ६ अं.
श्री लक्ष्मी श्रेष्ठ Relief Nepal
श्री नवराज पौडेल - रत्नगंगा मा.वि. खोपुडेहेरा
बुद्धिलाल पहाडी - फिक्कल मा.वि. सोल्पा
कुल बहादुर साँकी - शिक्षक मा.वि. लुम्ती
श्री नरेश पहाडी - प्र.अ. श्री फिक्कल मा.वि. सोल्पा
तिलक वि.क
ढुण्डिराज श्रेष्ठ
खिलनाथ श्रेष्ठ
महेश्वर दाहाल - लेखा सहायक
गजाशङ्करगौतम न.प.ह.
श्री इन्दिरा राना मगर का.स.
श्री नारायण प्रसाद अधिकारी
अविरल श्रेष्ठ
श्री अजय खड्का पशु स्वयंसेवक
अर्जुन लुइँटेल मगर (नगर प्रहरी)
इन्द्रबहादुर क्याप्छाकी का.स.
अम्बर बा कार्की का.स
खड्ग बहादुर नेपाली फिक्कल-६
रमेश बहादुर सार्की MIS operator (Phikkal RM)
उमङ्ग मैनाली / सहजकर्ता